# नेपाल राष्ट्र बैंक

## नेपालको संविधान-२०७२ घोषणा भएको उपलक्ष्यमा जारी प्रेस विज्ञप्ति

संविधानसभाबाट लोकतान्त्रिक अधिकार, आर्थिक समृद्धि र राष्ट्रिय एकताका लागि विक्रम संवत २०७२ असोज ३ गते आइतबारका दिन **"नेपालको संविधान-२०७२"** जारी भएकोमा नेपाल राष्ट्र बैंक खुसी व्यक्त गर्दछ । देशमा दिगो शान्ति र न्यायपूर्ण सामाजिक आर्थिक विकासको बाटोमा अघि बढ्न ढोका खुलेको यस ऐतिहासिक अवसरमा यस बैंक सम्पूर्ण नेपाली दाजुभाई दिदी बहिनीहरूलाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्दछ ।

संविधान घोषणा भएको यस ऐतिहासिक अवसरको सम्झनामा यस बैंकबाट रु. २००० दरको चाँदीको र रु. १०० दरको क्यूप्रोनिकेल धातुका स्मारिका सिक्का निष्काशन तथा बिक्री वितरण गर्ने निर्णय भएको व्यहोरा जानकारी गराइन्छ ।

**२०७२ असोज ४ गते सोमबार**

**गभर्नरको कार्यालय**